(घ) ग्रामीण क्षेत्रमा उत्पादित कृषि तथा गैरकृषिजन्य वस्तुको आन्तरिक वा वाह्य बजार विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकासद्वारा गरिवी निवारणमा सघाउ पुर्‍याउने,

(ङ) निकासीयोग्य वस्तुको उत्पादनमा वृद्धि ल्याउन सम्बन्धित निकाय बीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,

(च) निकासीजन्य बस्तुको लागि बजार पहिचान गरी व्यापार विविधीकरण गर्न सहयोग गर्ने,

(छ) निकासी प्रबर्द्धन तथा व्यापार विविधीकरणका लागि सँस्था स्थापना गर्ने तथा सँस्थापित संस्थालाई आवश्यक सहयोग गर्ने,

(ज) निकासीयोग्य वस्तुको गुणस्तरको लागि विदेशी राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ सँस्थासँग निकासी पैठारी तथा व्यापार व्यवस्थापन सम्बन्धमा प्राविधिक सहयोग आदान प्रदान गर्ने,

(झ) निकासी उन्मुख तथा पैठारी प्रतिस्थापन परियोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट लगानी गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने,

(ञ) व्यापारसँग सम्बन्धित आवश्यक सूचना, तथ्यांक, जानकारी तथा ज्ञानमूलक विषयको संकलन, प्रकाशन तथा बिकी वितरण गर्ने तथा सो सम्बन्धी सूचनागृहको रुपमा काम गर्ने,

(ट) वैदेशिक व्यापारमा देखापरेका समस्याको पहिचान गरी सोको समाधानको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ठ) उत्पादित वस्तुको बजार प्रबर्द्धन तथा बजार परीक्षण गर्न सहयोग पुर्‍याउने,

(ड) स्वदेशी तथा विदेशी केता तथा विकेताको व्यापारिक भेला गर्ने तथा निजहरुलाई संलग्न गराई विभिन्न किसिमका गोष्ठी, कार्यशाला तथा तालीम सञ्चालन गर्ने,

(ढ) उत्पादित वस्तु वा सेवाको गुणस्तर नियन्त्रण, बीमा, ढुवानी आदिको सरलीकरण तथा निकासी कारोबारसँग सम्बन्धित अन्य सेवाहरुको प्रबर्द्धन तथा सम्बर्द्धन गराउन सहयोग गर्ने,

(ण) समितिको वार्षिक बजेट तथा कार्यक्रम बनाई स्वीकृती गर्ने,

(त) समितिको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य काम गर्ने ।

५. समितिको वैठक र निर्णयः (१) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य-सचिवले वैठक बस्ने कुराको सूचना र वैठकमा छलफल हुने विषय बैठक बस्नु भन्दा कम्तिमा अठ्चालीस घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यक ठानेमा व्यापार तथा निकासीको क्षेत्रसँग सम्बन्धित व्यक्ति वा सँस्थाका पदाधिकारीलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार, त्यस्तो उपसमितिका सदस्यहरुले पाउने सुविधा तथा उपसमितिको वैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **कार्यकारी निर्देशक:** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्ये दफा ८ बमोजिमको समितिबाट सिफारिश भएको व्यक्तिलाई नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

८. **सिफारिश समिति:** (१) समितिका सदस्यलाई मनोनीत गर्न तथा कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | संयोजक |
| (ख) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **पदबाट हटाउन सक्ने** : (१) दफा ७ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकले इमान्दारीपुर्वक काम नगरेको वा पदीय जिम्मेवारी पूरा नगरेको वा निजमा खराव आचरण भएको सम्वन्धमा दफा ८ बमोजिमको समितिले सिफारिस गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिइनेछ ।

१०. **समितिको कोष:** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारले कोषमा जम्मा हुने गरी तोकिदिएको कुनै खास रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा सँस्थावाट प्राप्त सहयोग, अनुदान वा ऋणको रकम,

तर त्यसरी रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. **समितिको लेखा र लेखा परीक्षण:** (१) समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र समितिको सम्पूर्ण नगदी तथा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१२. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो आदेश प्रारम्भ हुँदाका बखत नेपाल सरकारले यस्तै प्रकृतिका कुनै समिति विघटन वा खारेज गरी सो समितिको कुनै तह तथा श्रेणीमा कार्यरत कर्मचारीलाई समितिको





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध भै रुकुम जिल्ला जनस्वास्थ्य अस्पतालमा कार्यरत MSF FRANCE (Nepal) को लागि MSF FRANCE बाट उपहार स्वरुप प्रदान गरिने यूरो ८०,९६६.६४ (अस्सी हजार नौ सय छैसठ्ठी सेण्ट चौसठ्ठी) मूल्य बराबरको औषधि तथा मेडिकल उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूर संचार कम्पनी लिमिटेडले Chongqing Putain Communication Equipment Co. Ltd चीनबाट सोध भर्ना बापत प्राप्त हुने पन्ध्र लाख थान Paper Scratch Card हरुमा भन्सार महसूल मिनाहा गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी The Leprosy Mission Internaitonal UK बाट The Leprosy Mission Nepal, आनन्दवन अस्पताल, ललितपुरको लागि उपहार स्वरुप प्रदान गरिने GBP 5,218.70 (पाँच हजार दुईसय अठार सेन्ट सत्तरी), Euro 4,021.50 (चार हजार एकाईस सेन्ट पचास), USD 7554.00 (सात हजार पाँच सय चौउन्न) तथा IC 71,652.88 (एकहत्तर हजार छसय बाउन्न पैसा अठासी) मूल्यका मेडिकल सामानहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मू.अ.कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षय रोग केन्द्रले कोरियाको WOORTHITECH CO. LTD बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ७२००.०० ( सात हजार दुई सय) मूल्य बराबरको Glove तथा Mask हरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी SOCIETY OF PUBLIC HEALTH ENGINEERS, NEPAL (SOPHEN) ले संञ्चालन गर्न गै रहेको Environment Health in Emergencies कार्यक्रमको लागि बेलायतस्थित Oxfam संस्थाबाट उपहार स्वरुप प्रदान गरिने पाउण्ड स्टलिङ्ग २५२२.५१ ( दुई हजार पाँच सय बाइस र सेण्ट एकाउन्न) मूल्य बराबरको पानी टैंकी आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषले सेवा तथा सामग्री प्राप्त गर्दा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर फिर्ता गर्ने, कोषले बैङ्क खाताहरुबाट आर्जन गरेको ब्याज एवं लगानीको प्रतिफलमा आयकर छूट दिने र कोषले भारतबाट छपाई गरी ल्याएको भा.रु. ३,३०,०००।- (तीन लाख तीस हजार) मूल्य बराबरको ACA Entry Fee Receipt/ ACA Entry Fee Permit मा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर तथा अन्य सबै कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी प्राविधिक शिक्षा तथा ब्यवसायिक तालीम परिषद्बाट सम्बन्धन प्राप्त मदन भण्डारी स्मृती प्रतिष्ठान उर्लावारी, मोरङले खरिद गर्न लागेको भा.रु. ७,३४,०००।- (सात लाख चौंतिस हजार) मूल्य बराबरको Tata Bus आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध भै धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोकको लागि Nepali Med को सहयोगमा APPASAMY ASSOCIATES, INDIA बाट उपहार स्वरुप प्रदान गरिने भा.रु. ५,३७,५५०।- (पाँच लाख सैंतिस हजार पाँच सय पचास) मूल्य बराबरको मेडिकल उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १२

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्संग आवद्ध उग्रतारा गा.वि.स. वडा नं. ६ जनगाल काभ्रेपलाञ्चोक जिल्ला स्थित विकलाङ्ग मित्र समूहद्धारा सञ्चालित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र काभ्रेपलाञ्चोकको लागि दातृसंस्था Teers des Hommes मार्फत Mobility India र M/S MAA PADDA ENTERPRISES बाट उपहार स्वरुप प्रदान गरिने भा.रु. ३,७२,३५१।३७ ( तीन लाख बहत्तर हजार तीन सय एकाउन्न पैसा सैतीस) मूल्य बराबरको अपाङ्गहरुको लागि अङ्ग बनाउने सामानहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ अन्तर्गत समूह-११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी थोप्पल खोला हाइड्रोपावर प्रा.लि., थापाथली काठमाडौंले चीनबाट आयात गर्ने Hydropower Generating Equipment एक थानमा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

**आज्ञाले,**
**प्रमोदकुमार कार्की**
**सह-सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।